# देशको वर्तमान आर्थिक स्थिति

*(आर्थिक वर्ष २०६४/६५ को पहिलो चार महिनाको तथ्याङ्कमा आधारित)*

# Current Macroeconomic Situation

**( Based on the First Four Months' Data of 2007/08)**


नेपाल राष्ट्र बैंक

अनुसन्धान विभाग



पुस २०६४

# देशको वर्तमान आर्थिक स्थिति

(आर्थिक वर्ष २०६४/६५ को पहिलो चार महिनासम्मको तथ्याङ्कमा आधारित)

## मौद्रिक स्थिति

### मुद्राप्रदाय

१. आर्थिक वर्ष २०६४/६५ को पहिलो चार महिनासम्ममा विस्तृत मुद्राप्रदाय ७.३ प्रतिशतले बढेर रू ४२४ अर्ब २३ करोड पुगेको छ । अघिल्लो वर्ष उक्त मुद्राप्रदाय ३.० प्रतिशतले बढेको थियो । त्यस्तैगरी, संकुचित मुद्राप्रदाय अघिल्लो वर्ष ०.५ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा ३.९ प्रतिशतले बढेको छ । नेपाल सरकार र निजी क्षेत्र दुवैमा प्रवाहित बैंक कर्जामा विस्तार आई आन्तरिक कर्जामा उच्च वृद्धि भएकोले समीक्षा अवधिमा मुद्रा प्रदायमा विस्तार आएको हो ।

२. आवधिक निक्षेप अघिल्लो वर्ष ४.२ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा उल्लेख्य ८.९ प्रतिशतले बढेर रू २९२ अर्ब ६२ करोड पुगेको छ । वाणिज्य बैंकहरूको निक्षेप परिचालनमा केही तीब्रता आएको छ । थप तीन नयाँ बैंकहरू संचालनमा आएका र बैंक शाखा विस्तारमा तीब्रता आएको कारण समेतले समीक्षा अवधिमा आवधिक निक्षेप परिचालन वृद्धि उल्लेख्य रहेको हो ।

३. अघिल्लो वर्ष खुद वैदेशिक सम्पत्ति (विदेशी विनिमय मूल्याङ्कन नाफा नोक्सान समायोजित) रू १८ करोड अर्थात् ०.१ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा रू ३ अर्ब ६१ करोड अर्थात् २.७ प्रतिशतले घटेको छ । खुद वैदेशिक सहयोग परिचालनमा कमी आएको, विदेशी ऋण भुक्तानी बढेको र नेपाल आयल निगमबाट भारतीय आयल निगमलाई भुक्तानी बढेकोले समीक्षा अवधिमा बैकिंग क्षेत्रको खुद बैदेशिक सम्पति घटेको हो ।

### कुल आन्तरिक कर्जा

४. समीक्षा अवधिमा आन्तरिक कर्जा उल्लेख्य ८.१ प्रतिशतले बढेको छ । अघिल्लो वर्ष सो कर्जा ३.४ प्रतिशतले बढेको थियो । नेपाल सरकारमाथिको खुद दावी बढ्नुका अतिरिक्त निजी क्षेत्रतर्फको कर्जा प्रवाह र गैर-सरकारी वित्तीय संस्थाहरूमाथिको दावी बढेकोले आन्तरिक कर्जा बढेको हो ।

५. नेपाल सरकारमाथिको खुद दावी अघिल्लो वर्ष ४.३ प्रतिशतले घटेकोमा समीक्षा अवधिमा ४.७ प्रतिशतले बढेको छ । बजेट घाटा पूर्ति गर्ने क्रममा आन्तरिक ऋण परिचालन वृद्धि भएकाले समीक्षा अवधिमा बैकिंग क्षेत्रको नेपाल सरकारमाथिको खुद दावी बढेको हो ।

६. वित्तीय संस्थाहरूमाथिको दावी समीक्षा अवधिमा ८५.७ प्रतिशतले बढेको छ । अघिल्लो वर्ष उक्त दावी १९.७ प्रतिशतले बढेको थियो । समीक्षा अवधिमा वाणिज्य बैंकहरूले वित्त कम्पनी, विकास बैंक तथा अन्य वित्तीय संस्थाहरूमा अल्पकालीन कर्जा लगानी बढाएकोले वित्तीय संस्थाहरूमाथिको दावी बढेको हो ।

७. अघिल्लो वर्ष निजी क्षेत्रतर्फ जाने कर्जा ५.३ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा ८.३ प्रतिशतले बढेको छ । समीक्षा अवधिमा थप तीन नयाँ बैंकहरू सञ्चालनमा आएको र बैंकहरूको उत्पादन, निर्माण, यातायात र सेवा क्षेत्रहरूमा कर्जा प्रवाह वृद्धि भएकोले निजी क्षेत्रतर्फको कर्जा प्रवाहमा विस्तार आएको हो । गत वर्षको तुलनामा समीक्षा अवधिमा उत्पादन कर्जा (आइरन रड, टेक्सटायल, सिमेन्ट, विद्युत, सवारी साधन तथा पार्टपूर्जा), घर जग्गा तथा आवासीय निर्माण र पर्यटन क्षेत्रतर्फ बैंक कर्जा बढी प्रवाह भएको छ ।

**सञ्चित मुद्रा**

८. सञ्चित मुद्रा अघिल्लो वर्ष १.० प्रतिशतले बढेकोमा समीक्षा अवधिमा २.५ प्रतिशतले बढेको छ । समीक्षा अवधिमा नेपाल राष्ट्र बैंकको खुद वैदेशिक सम्पत्तिमा कमी आएतापनि नेपाल सरकारमाथिको दावी बढेकोले सञ्चित मुद्रा बढेको हो ।

**अमेरिकी डलर र भा रू को खरिद बिक्री**

९. आर्थिक वर्ष २०६४/६५ को पहिलो चार महिनाको अवधिमा वाणिज्य बैंकहरूबाट अमेरिकी डलर खरिद भन्दा भारतीय मुद्रा बजारमा भारू खरिदका लागि अमेरिकी डलर विक्री उच्च रहेको छ । उदाहरणको लागि आर्थिक वर्ष २०६४/६५ को पहिलो चार महिनासम्ममा नेपाल राष्ट्र बैंकले वाणिज्य बैंकहरूबाट अमेरिकी डलर ३२ करोड १४ लाखको खुद खरिद गरी रू २० अर्ब ६३ करोड बराबरको खुद तरलता प्रवाह गरेको छ । अघिल्लो वर्षको यसै अवधिमा वाणिज्य बैंकहरूसँग अमेरिकी डलर २९ करोड ८६ लाख खुद खरिद भइ रू २२ अर्ब २ करोड बराबरको खुद तरलता प्रवाह भएको थियो ।

१०. आर्थिक वर्ष २०६४/६५ को पहिलो चार महिनासम्ममा अमेरिकी डलर ४२ करोड बिक्री गरी रू २६ अर्ब ८७ करोड बराबरको भा.रू. खरिद भएको छ । अघिल्लो वर्षको सोही अवधिमा २६ करोड अमेरिकी डलर भारतीय मुद्रा बजारमा बिक्री भई रू १९ अर्ब ९ करोड

बराबरको भा.रू. खरिद भएको थियो । नेपाल आयल निगमको भारतीय आयल निगमलाई भुक्तानी बढेको र भारततर्फको निर्यातमा कमी आई भारतसँगको बढ्दो चालु खाता घाटा पूर्ति गर्ने क्रममा भा.रू. खरिद बढेको हो ।

**ट्रेजरी विल्समा गरिएको दोस्रो खुला बजार कारोवारमार्फत तरलता प्रशोचन**

११. आर्थिक वर्ष २०६४/६५ को पहिलो चार महिनासम्ममा ट्रेजरी विल्समा गरिएको दोस्रो खुला बजार कारोवारमार्फत रू ६ अर्ब ७ करोड बराबरको खुद तरलता प्रशोचन भएको छ । अघिल्लो आर्थिक वर्षको यसै अवधिमा कुल रू १५ अर्ब १ करोड बराबरको खुद तरलता प्रशोचन भएको थियो । समीक्षा अवधिमा तरलता प्रशोचनमध्ये विक्री वोलकवोलमार्फत रू ५० करोड र रिभर्स रिपो वोलकवोलमार्फत रू ५ अर्ब ५७ करोड तरलता प्रशोचन भएको थियो । अघिल्लो वर्षको यसै अवधिमा भएको कुल प्रशोचनमध्ये विक्री वोलकवोलमार्फत रू ३ अर्ब २७ करोड र रिभर्स रिपो वोलकवोलमार्फत रू ११ अर्ब ७४ करोड तरलता प्रशोचन भएको थियो ।

**तालिका १: खुला बजार कारोवारको स्थिति**

**(पहिलो चार महिना)**

(रू. करोडमा)

| विवरण | २०६३/६४ | २०६४/६५ |
|---|---|---|
| **कुल तरलता प्रशोचन** | **१५०१.०** | **६०७.०** |
| बिक्री बोलकबोल | ३२७.० | ५०.० |
| रिर्भस रिपो बोलकबोल | ११७४.० | ५५७.० |
| **कुल तरलता प्रवाह** | **०.०** | **०.०** |
| खरिद बोलकबोल | - | - |
| रिपो बोलकबोल | - | - |
| **खुद तरलता प्रशोचन** | **१५०१.०** | **६०७.०** |

**अन्तर बैंक कारोवार र स्थायी तरलता सुविधा उपयोग**

१२. समीक्षा अवधिमा वाणिज्य बैंकहरूले कुल रू १२३ अर्ब ३४ करोड बराबरको अन्तर बैंक कारोवार गरेका छन् । अघिल्लो वर्षको यसै अवधिमा कुल रू ६२ अर्ब ९६ करोड बराबरको अन्तर बैंक कारोवार भएको थियो । समीक्षा अवधिमा अन्तर बैंक कारोवार बढ्नुका अतिरिक्त स्थायी तरलता सुविधाको उपयोग पनि बढेको छ । अघिल्लो वर्ष वाणिज्य

बैंकहरूले नेपाल राष्ट्र बैंकबाट रू ४ अर्ब ५ करोड स्थायी तरलता सुविधा उपयोग गरेकोमा समीक्षा अवधिमा रू २६ अर्ब ८८ करोड उपयोग गरेका छन् ।

तालिका २ : अन्तर बैंक कारोवार र स्थायी तरलता सुविधा
(पहिलो चार महिना)

रू करोडमा

| | २०६३/६४ | २०६४/६५ |
|---|---|---|
| स्थायी तरलता सुविधा | ४०४.६ | २६८८.० |
| अन्तर बैंक कारोवार | ६२९६.२ | १२३३४.२ |

अल्पकालीन व्याजदर, निक्षेपदर र कर्जादर

१३. अघिल्लो वर्षको तुलनामा समीक्षा अवधिमा अल्पकालीन व्याजदर बढेको छ । उदाहरणको लागि समीक्षा अवधिमा ९१ दिने ट्रेजरी विल्सको भारित औसत मासिक व्याजदर ३.०३ प्रतिशत रह्यो, जुन अघिल्लो वर्षको यसै अवधिमा २.११ प्रतिशत रहेको थियो । अघिल्लो वर्ष भारित औसत मासिक अन्तर बैंक व्याजदर १.२ प्रतिशत रहेकोमा समीक्षा अवधिमा ३.७३ प्रतिशत रहेको छ । वाणिज्य बैंकहरूको निक्षेप व्याजदर भने समीक्षा अवधिमा यथावत कायम रहेको छ । तर, वाणिज्य बैंकहरूले उद्योग तथा निर्यात कर्जामा लिने न्यूनतम व्याजदर भने समीक्षा अवधिमा केही घटेको छ। २०६४ असार मसान्तको तुलनामा औद्योगिक कर्जाको न्यूनतम व्याजदर समीक्षा अवधिमा ८.० प्रतिशतबाट ७.० प्रतिशतमा झरेको छ भने निर्यात कर्जाको न्यूनतम व्याजदर ५.० प्रतिशतबाट ४.० प्रतिशतमा झरेको छ ।

## धितोपत्र बजार

१४. वार्षिक विन्दुगत आधारमा नेप्से सूचकांक १०४.६ प्रतिशतले वृद्धि भई २०६४ कात्तिक मसान्तमा ९१५.३८ विन्दुमा पुगको छ । यो सूचकांक २०६३ कात्तिक मसान्तमा ४४७.४३ थियो ।

१५. नेप्से सूचकांकमा प्रभाव पार्ने दुई प्रत्यक्ष कारकहरू (क) सूचीकृत शेयर संख्या र (ख) शेयरको बजार मूल्य परिवर्तनमध्ये नेप्से सूचकांक वृद्धि गराउनुमा दोस्रो कारकको प्रमुख भूमिका रहेको छ । उदाहरणको लागि वजार पूँजीकरणका आधारमा धितोपत्र विनिमय वजारका शीर्षस्थ नौ कम्पनीहरूको सूचीकृत शेयर संख्यामा ८.१ प्रतिशतले मात्र वृद्धि

भएको छ भने सोही अवधिमा उक्त कम्पनीहरूको प्रतिशेयर औसत बजार मूल्य ९२.८ प्रतिशतले वृद्धि भएको छ ।

**तालिका ३: शीर्षस्थ नौ कम्पनीहरूको गतिविधि**

| विवरण | कात्तिक मसान्त | | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| | २०६३ | २०६४ | |
| सूचीकृत शेयर संख्या (हजारमा) | ५२८६५.० | ५७१४०.० | ८.१ |
| औसत शेयर मूल्य (रू.) | १५८१.१ | ३०४७.९ | ९२.८ |
| बजार पूँजीकरण (रू दस लाखमा) | ७२१४०.५ | १५४५१७.० | ११४.२ |

१६. बजार पूँजीकरण वार्षिक विन्दुगत आधारमा १५४.२ प्रतिशतले वृद्धि भई २०६४ कात्तिक मसान्तमा रू. २८७ अर्ब ४८ करोड पुगेको छ। सूचीकृत कम्पनीहरूको वजार पूँजीकरणमा विगतमाफैं बैंक तथा वित्तीय संस्थाहरूले सबैभन्दा ठूलो हिस्सा ओगटेका छन् ।

१७. सूचीकृत कम्पनीहरूको चुक्ता पूँजीको वार्षिक वृद्धि १६.२ प्रतिशत रही २०६४ कात्तिक मसान्तमा रू.२३ अर्ब ८३ करोड पुगेको छ । नेपाल स्टक एक्सचेन्ज लि. मा थप धितोपत्रहरू सूचीकृत भएका कारण चुक्ता पूँजीमा वृद्धि भएको हो ।

१८. २०६४ कात्तिक मसान्तमा नेपाल स्टक एक्सचेन्ज लि. मा सूचीकृत भएका कम्पनीहरूको संख्या १४१ पुगेको छ । २०६३ कात्तिक मसान्तमा यो संख्या १३९ रहेको थियो । हाल सूचीकृत कम्पनीहरूमध्ये १०६ वटा वित्तीय संस्था, २१ वटा उत्पादन र प्रशोधन गर्ने उद्योग, ४ वटा होटल, ५ वटा व्यापारिक संस्था, ३ वटा जल विद्युत कम्पनी र २ वटा अन्य समूहका रहेका छन् ।

१९. २०६४ कात्तिक मसान्तमा मासिक कारोवारको वजार पूँजीकरणसँगको अनुपात (Turnover Ratio) ०.३२ प्रतिशत पुगेको छ । यस्तो अनुपात २०६३ कात्तिक मसान्तमा ०.६३ प्रतिशत रहेको थियो । यसले सूचीकृत शेयरको तरलतामा कमी आएको देखाउछ ।

२०. शेयरबजारको उतारचढाव (Volatility) मापन गर्नका लागि प्रयोग गरिने १२ महिनाको Rolling Standard Deviation २०६३ कात्तिक मसान्तमा ४३.६ रहेकोमा २०६४ कात्तिक मसान्तमा १५५.२ पुगेको छ ।

२१. प्राथमिक निष्काशनतर्फ, आर्थिक वर्ष २०६४।६५ को पहिलो चार महिनामा नेपाल धितोपत्र वोर्डले ७ वटा कम्पनीहरूलाई रू २७ करोड ४४ लाख बरावरको साधारण शेयर र अन्य ७

वटा कम्पनीहरूलाई रू ५९ करोड २१ लाख वरावरको हकप्रद शेयर निष्काशनको लागि स्वीकृति प्रदान गरेको छ ।

## मुद्रास्फीति

### उपभोक्ता मुद्रास्फीति

२२. २०६४ कात्तिक महिनामा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति ६.३ प्रतिशत रहेको छ । अघिल्लो महिना पनि उपभोक्ता मुद्रास्फीति ६.३ प्रतिशत नै रहेको थियो । २०६३ कात्तिक महिनामा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति ७.१ प्रतिशत रहेको थियो । २०६२ फागुन महिनामा पेट्रोलियम पदार्थमा भएको मूल्य वृद्धिको आधार प्रभावका कारण उपभोक्ता मुद्रास्फीतिमा अघिल्लो वर्षको तुलनामा समीक्षा अवधिमा सुधार आएको हो ।

२३. खाद्य तथा पेय पदार्थ समूहको मूल्य सूचकाङ्कको वार्षिक वृद्धिदर २०६३ कात्तिक महिनामा ७.० प्रतिशत रहेकोमा २०६४ कात्तिकमा ८.४ प्रतिशत रहेकोले समग्र उपभोक्ता मुद्रास्फीति ६.३ प्रतिशत रहेको हो । खाद्य तथा पेय पदार्थ समूहमध्ये तेल तथा घ्यू उपसमूहको मूल्य सूचकांक १४.८ प्रतिशत, दलहन उपसमूहको मूल्य सूचकांक १४.१ प्रतिशत, खाद्यान्न तथा खाद्यान्नजन्य पदार्थ उपसमूहको मूल्य सूचकांक ११.४ प्रतिशत, तरकारी तथा फलफूल उपसमूहको मूल्य सूचकांक ९.६ प्रतिशत, मासु, माछा तथा फुल उपसमूहको मूल्य सूचकांक ७.० प्रतिशतले बढेको छ । यी उपसमूहको मूल्य सूचकांकमा भएको वृद्धिका कारण खाद्य तथा पेय पदार्थ समूहको मूल्यमा चाप परेको हो । तर चिनी तथा चिनीजन्य पदार्थको मूल्यमा भने समीक्षा अवधिमा १८.० प्रतिशतले गिरावट आएको छ ।

२४. गैरखाद्य बस्तु तथा सेवा समूहको सूचकाङ्कको वृद्धिदर अघिल्लो वर्ष ७.१ प्रतिशत रहेको तुलनामा समीक्षा अवधिमा उल्लेख्य सुधार आई ४.१ प्रतिशत रहेको छ । यस समूहमा इन्धन बत्ती तथा पानी, घरायसी सरसामान तथा यातायात र सञ्चार उपसमूहका वस्तुहरूको मूल्यवृद्धि घटेकाले यो समूहको मूल्य सूचकाङ्कमा कमी आएको हो ।

२५. भौगोलिक आधारमा समीक्षा गर्दा २०६४ कात्तिकमा तराईमा ६.६ प्रतिशत, काठमाडौ उपत्यकामा ६.१ प्रतिशत र पहाडमा ५.७ प्रतिशतले मूल्य सूचकाङ्कमा वृद्धि भएको छ । २०६३ कात्तिकमा यस्तो वृद्धिदर क्रमशः ७.३ प्रतिशत, ६.६ प्रतिशत र ७.२ प्रतिशत रहेको थियो । तराई क्षेत्रमा भइरहेको वारम्वारको बन्द, हडताल जस्ता कारणले गर्दा अन्य भौगोलिक क्षेत्रको तुलनामा सो क्षेत्रको मूल्य वृद्धि केही उच्च रहेको हो ।

२६. २०६३ कात्तिकमा वार्षिक विन्दुगत अन्तर्निहित मुद्रास्फीति (Core Inflation) को वृद्धिदर ६.४ प्रतिशत रहेकोमा २०६४ कात्तिकमा ४.९ प्रतिशत रहेको छ ।

**थोक मुद्रास्फीति**

२७. २०६४ कात्तिक महिनामा राष्ट्रिय थोक मूल्य सूचकाङ्कको वार्षिक विन्दुगत वृद्धिदरमा कमी आई ७.२ प्रतिशत रहेको छ । सो सूचकांक २०६३ कात्तिकमा १०.३ प्रतिशतले वृद्धि भएको थियो । नगदेवाली, मरमसला, विद्युतजन्य र लत्ता कपडा सम्बन्धी सामान उपसमूहहरूको मूल्य सूचकांकमा गिरावट आएकोले अघिल्लो वर्षको तुलनामा समीक्षा अवधिमा राष्ट्रिय थोक मूल्य सूचकांकमा सुधार आएको हो । फलफूल तथा तरकारी, रसायन मलखाध तथा रसायनिक सामान, निर्माण सामाग्री र दलहन उपसमूहको उच्च मूल्य वृद्धिका कारण समीक्षा अवधिमा समग्र राष्ट्रिय थोक मूल्य सूचकांक ७.२ प्रतिशतले वृद्धि भएको हो ।

**राष्ट्रिय तलव तथा ज्यालादर सूचकाङ्क**

२८. २०६४ कात्तिक महिनामा वार्षिक बिन्दुगत राष्ट्रिय तलव तथा ज्यालादर सूचकाङ्क १०.१ प्रतिशतले बढेको छ । २०६३ कात्तिकमा उक्त सूचकाङ्क ८.७ प्रतिशतले बढेको थियो । २०६४ साउनदेखि सरकारी कर्मचारीलगायत सुरक्षाकर्मी, संस्थानका कर्मचारी, शिक्षक आदिको तलबमा भएको सरदर १७ प्रतिशतको खुद वृद्धि तथा केही समययता मजदूरको ज्यालादरमा भइरहेको वृद्धि समेतका कारणले गर्दा अघिल्लो वर्षको तुलनामा समीक्षा अवधिमा उक्त सूचकाङ्क उच्च दरले बढेको हो । २०६४ कात्तिक महिनामा तलव सूचकाङ्कको वार्षिक वृद्धिदर १०.९ प्रतिशत रहेको छ । २०६३ कात्तिकमा यो सूचकांकको वृद्धिदर ६.६ प्रतिशत रहेको थियो । यसैगरी, २०६३ कात्तिक महिनामा ९.४ प्रतिशतले बढेको ज्यालादर सूचकाङ्क २०६४ कात्तिक महिनामा ९.९ प्रतिशतले बढेको छ ।

## सरकारी वित्त स्थिति [१]

**सरकारी बजेट घाटा/ बचत स्थिति**

२९. आर्थिक वर्ष २०६४/६५ को पहिलो चार महिनाको अवधिमा सरकारी बजेट रू ७ अर्ब ४१ करोडले घाटामा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा सरकारी बजेट रू १ अर्ब ९७

[१] २०६४ पुस ६ गतेसम्म उपलब्ध तथ्याङ्क अनुसार सरकारी राजश्व २२.३ प्रतिशतले वृद्धि भई रु ३४ अर्ब ८२ करोड पुगेको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा सरकारी राजश्व १५.६ प्रतिशतले वृद्धि भएको थियो । २०६४ पुस ६ गतेसम्म सरकारी खर्च ४१.५ प्रतिशतले वृद्धि भई रू ४९ अर्ब ६६ करोड पुगेको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा सरकारी खर्च ८.२ प्रतिशतले वृद्धि भएको थियो । २०६४ पुस ६ गतेसम्म बजेट घाटा रु ९ अर्ब ९३ करोड रहेको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा बजेट रु ३ अर्ब ६३ करोडले बचतमा थियो ।

करोडले बचतमा थियो । सरकारी खर्च वृद्धि उच्च रहेकोले समीक्षा अवधिमा सरकारी बजेट घाटामा रहेको हो । विगतमा सरकारी काम कारवाही खुम्चिएको स्थितिको तुलनामा सरकारी क्रियाकलापमा क्रमशः वृद्धि हुन गई तदअनुरूप सरकारी खर्चमा विस्तार आएकोले सरकारी बजेट समीक्षा अवधिमा घाटामा रहेको हो ।

३०. कुल बजेटघाटा पूर्ति गर्ने क्रममा, समीक्षा अवधिमा रू ६ अर्व ३ करोड कुल आन्तरिक ऋण परिचालन भएको छ । कुल आन्तरिक ऋणमध्ये ट्रेजरी विल्स रू ३ अर्व ८८ करोड, विकास ऋणपत्र रू ९० करोड र नागरिक बचतपत्र रू ३० करोड गरी ऋणपत्र निष्काशनमार्फत कुल रू ५ अर्ब ८ करोड आन्तरिक ऋण परिचालन भएको छ । बजेटमा व्यवस्था भए अनुरूप वार्षिक आन्तरिक ऋण सीमा रू २० अर्ब ५० करोडमा सोको अंश २४.७८ प्रतिशत हुन आउछ । यसका साथै नेपाल सरकारले नेपाल राष्ट्र बैङ्कबाट रू १ अर्ब २ करोड बराबरको अधिविकर्ष उपयोग गरेको छ । यो रकम नेपाल सरकारले अघिल्लो वर्षको खुद राजश्वको ५ प्रतिशतले हुन आउने कानूनी सीमा रू ४ अर्ब ३३ करोड भित्र रहेको छ । कुल बजेटघाटामध्ये रू १ अर्व ३८ करोड वैदेशिक ऋणबाट पूर्ति भएको छ ।

**सरकारी खर्च**

३१. आर्थिक वर्ष २०६४/६५ को पहिलो चार महिनासम्ममा नगद प्रवाहमा आधारित कुल सरकारी खर्च ३४.५ प्रतिशतले वृद्धि भई रू ३४ अर्व ५४ करोड पुगेको छ । अघिल्लो वर्ष सरकारी खर्च ९.९ प्रतिशतले बढेको थियो । साँवा भुक्तानीलगायत सबै प्रकारका सरकारी खर्चको वृद्धिदरमा उल्लेखनीय वृद्धि भएकोले अघिल्लो वर्षको तुलनामा समीक्षा अवधिमा कुल सरकारी खर्चको वृद्धिदरमा विस्तार आएको हो ।

३२. समीक्षा अवधिमा नेपाल सरकारको चालू खर्च २६.१ प्रतिशतले वृद्धि भई रू २४ अर्व ४१ करोड पुगेको छ । अघिल्लो वर्ष चालू खर्च १२.८ प्रतिशतले वृद्धि भएको थियो । राहत खर्च वृद्धि, सरकारी कर्मचारीको तलब वृद्धि, शान्ति व्यवस्थापनसम्बन्धी खर्च वृद्धि र संविधान सभाको निर्वाचन तयारी खर्चका कारण समीक्षा अवधिमा चालू खर्चको वृद्धिदरमा विस्तार आएको हो । चालू खर्चको परिमाण स्वीकृत खर्च सीमा भित्र रहेतापनि गैर बजेटरी खर्चका कारण समग्र चालू खर्च नबढोस भन्नेतर्फ नेपाल सरकारले ध्यान पुऱ्याउनु आवश्यक छ ।

३३. आर्थिक वर्ष २०६४/६५ को पहिलो चार महिनासम्ममा पूँजीगत खर्च ८५.५ प्रतिशतले वृद्धि भई रू ३ अर्व ३६ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा पूँजीगत खर्च १७.० प्रतिशतले घटेको थियो । नेपाल आयल निगमलाई रू ५० करोड भुक्तानी, गरीबी निवारण

कोषलाई भुक्तानी र स्थानीय निकायलाई अनुदान रकम निकासा भएको कारण समीक्षा अवधिमा पूँजीगत खर्च बढेको हो ।

३४. समीक्षा अवधिमा साँवा भुक्तानीबापत्को सरकारी खर्च ८३.० प्रतिशतले बढी रू ४ अर्ब ३९ करोड पुगेको छ । अघिल्लो वर्ष साँवा भुक्तानी खर्च ३५.२ प्रतिशतले बढेको थियो । यसमध्ये आन्तरिक ऋण (विकास ऋणपत्र) रू २ अर्व र वैदेशिक ऋण रू २ अर्व ३९ करोड भुक्तानी भएकोले सरकारी खर्च वृद्धिमा साँवा भुक्तानीको उल्लेख्य भूमिका रहेको छ ।

**सरकारी राजस्व र वैदेशिक नगद अनुदान**

३५. आर्थिक वर्ष २०६४/६५ को पहिलो चार महिनासम्ममा नेपाल सरकारको राजस्व परिचालन १३.२ प्रतिशतले वृद्धि भई रू २४ अर्ब ३५ करोड पुगेको छ । अघिल्लो वर्ष राजस्व २०.३ प्रतिशतले बढेको थियो । तराई क्षेत्रमा वारम्बार तनावको स्थितिका कारण उद्योग व्यवसायहरू प्रभावित हुनु, आर्थिक कियाकलापहरूमा शिथिलता आउनु, सीमावर्ती भन्सार कार्यालयहरूमा भन्सार राजस्व असूलीमा समस्या देखिनु लगायतका कारणहरूले गर्दा आयकर राजस्व, मूल्य अभिवृद्धि कर राजस्व एबं भन्सार राजस्वको वृद्धिदरमा कमी आएको र समीक्षा अवधिमा गैरकर राजस्व समेत घटेको कारण कुल राजस्व परिचालनको वृद्धिदरमा कमी आएको हो ।

३६. आर्थिक वर्ष २०६४/६५ को पहिलो चार महिनासम्ममा नेपाल सरकारलाई वैदेशिक नगद अनुदानबापत् रू २ अर्ब २६ करोड प्राप्त भएको छ । अघिल्लो वर्ष सो शीर्षकमा रू ३ अर्ब ३१ करोड प्राप्त भएको थियो ।

## वाह्य क्षेत्र स्थिति

**वैदेशिक व्यापार**

३७. आर्थिक वर्ष २०६४/६५ को पहिलो चार महिनामा कुल निर्यात ६.३ प्रतिशतले घटेको छ । अघिल्लो वर्षको सोही अवधिमा कुल निर्यात १.४ प्रतिशतले बढेको थियो । कुल निर्यातमध्ये भारततर्फको निर्यात ७.८ प्रतिशतले र अन्य मुलुकतर्फको निर्यात ३.० प्रतिशतले घटेको छ । अघिल्लो वर्ष भारत एवं अन्य मुलुकतर्फको निर्यात क्रमशः ०.२ प्रतिशत र ३.९ प्रतिशतले बढेको थियो ।

३८. भारततर्फ मुख्यतया वनस्पति घ्यू, टुथपेष्ट, कपडा, रसायन तथा दाल एवं अन्य मुलुकतर्फ विशेषगरी ऊनी गलैंचा, पश्मिना, तयारी पोशाक, नेपाली कागज तथा त्यसबाट निर्मित सामान र छालाको निर्यातमा उल्लेख्य ह्रास आएको कारण कुल निर्यात घटेको हो ।

३९. अघिल्लो वर्षको पहिलो चार महिनासम्ममा १०.८ प्रतिशतले बढेको कुल आयात आर्थिक वर्ष २०६४/६५ को सोही अवधिमा मात्र १.० प्रतिशतले बढेको छ। कुल आयातमध्ये भारतबाट भएको आयात अघिल्लो वर्ष १०.४ प्रतिशतले बढेकोमा यस वर्ष २.२ प्रतिशतले वृद्धि भएको छ। अन्य मुलुकबाट भएको आयात अघिल्लो वर्ष ११.५ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा ०.९ प्रतिशतले घटेको छ।

४०. आर्थिक वर्ष २०६४/६५ को प्रथम चार महिनामा भारतबाट मुख्यतया सवारी साधन तथा पाटपुर्जा, एम.एस. विलेट, हट रोल्ड शीट इन्क्वाइल, कोल्ड रोल्ड शीट इन्क्वाइल र पाइप तथा पाइप फिटिङ्ग एवं अन्य मुलुकबाट विशेषगरी सुन, दूरसंचारका सामाग्री, विद्युतीय सामाग्री, सवारीसाधन तथा पाटपुर्जा एवं अन्य मेशिनेरी तथा पाटपुर्जाको आयातमा उल्लेख्य वृद्धि आएको छ।

**शोधनान्तर**

४१. आर्थिक वर्ष २०६४/६५ को पहिलो चार महिनासमम्मा समग्र शोधनान्तर (वाह्य भुक्तानी) स्थिति रू. ३ अर्ब ६१ करोडले घाटामा रहेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा समग्र शोधनान्तर स्थिति रू. १८ करोडले बचतमा रहेको थियो। भारतीय आयल निगमलाई अघिल्लो वर्षको यसै अवधिको तुलनामा भुक्तानी रू ८५ करोड ६० लाखले बढेको र वैदेशिक ऋण भुक्तानी रू २ अर्ब ३९ करोड हुन गएकोले समेत समीक्षा अवधिमा शोधनान्तर रू ३ अर्ब ६१ करोडले घाटामा रहेको हो।

**विदेशी विनिमय सञ्चिति** [२]

४२. २०६४ कात्तिक मसान्तमा कुल विदेशी विनिमय सञ्चिति २०६४ असार मसान्तको तुलनामा १.२ प्रतिशतले घटी रू. १६३ अर्ब १२ करोडमा झरेको छ। आर्थिक वर्ष २०६३/६४ को कात्तिक मसान्तमा यस्तो सञ्चिति ०.४ प्रतिशतले घटेको थियो। अमेरिकी डलरमा भने २०६४ असारदेखि कात्तिक मसान्तसम्ममा कुल सञ्चिति १.६ प्रतिशतले बढी अमेरिकी डलर २ अर्ब ५९ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा कुल सञ्चिति अमेरिकी डलरमा गणना गर्दा २.१ प्रतिशतले बढेको थियो। आर्थिक वर्ष २०६४/६५ को पहिलो चार महिनाको आयातलाई आधार मान्दा विदेशी विनिमय सञ्चितिको विद्यमान स्तरले १०.४ महिनाको वस्तु आयात र ८.१ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहेको छ।

**अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम तथा सुनको मूल्य स्थिति र विनिमय दर**

---

[२] २०६४ मसिंर २१ गतेसम्म कुल विदेशी विनिमय सञ्चिति रू १६२ अर्ब ३९ करोड रहेको छ।

४३. अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम (Crude Oil Brent) को मूल्य २०६३ कात्तिक मसान्तमा प्रतिव्यारल अमेरिकी डलर ५६.७२ रहेकोमा २०६४ कात्तिक मसान्तमा ६४.९ प्रतिशतले बढी प्रतिव्यारल अमेरिकी डलर ९३.५३ पुगेको छ। त्यसैगरी सुनको मूल्य २०६३ कात्तिक मसान्तको तुलनामा २०६४ कात्तिक मसान्तमा २६.४ प्रतिशतले वृद्धि भई प्रतिआउन्स अमेरिकी डलर ६२४.७५ बाट अमेरिकी डलर ७८९.७५ पुगेको छ।

४४. २०६४ असार मसान्तको तुलनामा २०६४ कात्तिक मसान्तमा नेपाली रूपैयाँ अमेरिकी डलरसँग २.८५ प्रतिशतले अधिमूल्यन भएको छ। अघिल्लो वर्षको सोही अवधिमा नेपाली रूपैयाँ अमेरिकी डलरसँग २.४९ प्रतिशतले अधिमूल्यन भएको थियो। २०६३ कात्तिक मसान्तमा अमेरिकी डलर एकको विनिमय दर रू. ७२.३० रहेको थियो भने २०६४ कात्तिक मसान्तमा उक्त विनिमय दर रू. ६३.०५ मा झरेको छ।